# राणाकालीन गोर्खापत्र पढ्दा...

अभिलेखालयको कुनामा पहेँलो बसेको पुरानो गोर्खापत्रको रिल पढिरहँदा करिब एक सय वर्षअघि त्यो पत्रिकाबारे जान्ने उत्सुकता जाग्यो। यहाँ त्यसबारे लेख्ने प्रयास गर्दैछु। गोर्खापत्र तत्कालीन राणा सरकारभन्दा पनि ब्रिटिस भारतसँग प्रभावित थियो भन्ने प्रस्ताव मेरो छ। त्यसैले, यो लेखमा त्यतिवेलाको नेपालबारे अलिअलि कल्पना गर्न सके त्यो 'गोर्खे कल्पना' हुनेछ। राज्यद्वारा सञ्चालित पत्रिका हेरेको आधारमा गरिएको कल्पना भएकाले मैले यसो भनेको हुँ। त्यो राज्यको नजरबाट गरिएको केवल आंशिक कल्पना हो, । समयको हिसाबले यहाँ संवत् १९६० को दशक, अर्थात् पहिलो महायुद्धअघिको गोर्खापत्रलाई आधार बनाइएको छ।

त्यसवेला 'टाढाको कुरा' नै समाचार हो, आफ्नो वरिपरिको हैन भन्ने बुझिन्छ। गोर्खापत्र विदेशी समाचारले भरिएको थियो, जसलाई 'देशान्तर समाचार' भनिन्थ्यो। स्वदेशको सूचनालाई 'देश समाचार' भनिन्थ्यो। 'देशान्तर' अगाडि र 'देश समाचार' पछाडि कुनामा छापिन्थ्यो। शुरुताका पत्रिकामा 'देश समाचार' नै कम पाइन्छ। कहिलेकाहीँ त बजार भाउबाहेक अरू 'देश समाचार' पाइँदैनन्।

देशान्तर समाचार र देश समाचारको वर्गीकरणले 'समाचार शक्तिको हुन्छ' भन्ने बुझाउँछ। त्यतिवेला दक्षिण एसियामा फ्रान्सेली शक्तिलाई पन्छाएर ब्रिटिसहरूले राज गरेका थिए। गोर्खापत्रमा पनि ब्रिटिस साहेब र उनीहरूका दरबारका समाचार देखिन्थे। त्यहाँ तत्कालीन ब्रिटिस दरबारका बयान छन्। जस्तो : 'मद्रासका गभर्नरलाई जरो आयो, त्यही जरोले निमोनिया भएछ' भन्ने खालका समाचारसमेत भेटिन्छन्। आर्थिक विषयहरूमा पनि ब्रिटिसकालीन भारतकै चर्चा बढी पाइन्छ। जस्तो : 'कास्मिरको एकलाइनमा चल्ने मोनोरेल, बम्बईदेखि पुनासम्म टेलिफोन रहने' तजबिजीका कुरा, 'हिन्दी भाषामा टाइपराइटर बन्न लागेको कुरा' आदि। यसको लामो लर्को कोर्न सकिन्छ।

यसबाट के बुझिन्छ भने नेपालको अखबारी पत्रकारिताको शुरुवात ब्रिटिसकालीन भारतको राजनीतिक र आर्थिक गतिविधिका समाचारसँग जोडिएर भएको रहेछ। कलकत्ताबाट



अर्जुन पन्थी

प्रकाशित 'वंगवासी' पत्रिका गोर्खापत्रको लागि समाचारको मूल स्रोत थियो। अर्कोतिर त्यसवेला राणाकालीन राज्यसत्ताको सम्बन्ध ब्रिटिसकालीन भारतसँग धेरै बलियो थियो भन्ने देखाउँछ। अर्थात् राणाकालीन व्यवस्था ब्रिटिस भारतमा निर्भर थियो। त्यसवेलाका पत्रिकाको लेआउटले समेत त्यस्तो झलक दिन्छ, 'देशान्तर' र 'देश समाचार'को वर्गीकरणको मात्र के कुरा।

गोर्खापत्र राज्यशक्ति चियाउने आँखीझ्याल पनि हो। ब्रिटिसहरूले गरेका विकासलाई अचम्म मान्दै 'देशान्तर समाचार'ले पत्रिका भरिएको छ। मानौं आफ्ना विषयहरू त समाचार नै होइनन्। ब्रिटिसहरूले गरेको विकास नै तत्कालीन नेपालको व्यवहारमा लागू गर्न नपर्ने आदर्श हो भन्ने मान्यता हाबी भएको बुझिन्छ।


गोर्खापत्र ॥

देशान्तरसमाचार.

गोर्खापत्रको 'देशान्तर समाचार'मा तत्कालीन भारतबाट कच्चापदार्थ पश्चिमी देशमा कति मात्रामा पुग्थ्यो इत्यादि तथ्यहरू छन्। आयात निर्भरताका उदाहरण पनि पाइन्छ। जस्तो : 'हिन्दुस्तानमा कागती फले पनि तत्कालीन समयमा आठ महिना उनीहरूले अमेरिकाको कागती खपत गर्थे।' कागती उत्पादनको विचार हिन्दुस्तानबाटै सिकिएको आशय समाचारले दिन्छ।

गोर्खापत्रमा ब्रिटिसकालीन भारतका समाचार भरिए पनि तिब्बती भेगतिरको व्यापारिक सम्बन्धबारे पनि समाचार पाइन्छ। ती आक्कलझुक्कल देखिन्छन्। जस्तो : 'दशैंको हुलमा नेपालतर्फ ल्याउन कुतीबाट चलान गरेका १५ सय भेंडा च्याङ्ग्रा चौतारा आउँदा १२ सय भएछन् भनी कुतीको भोटे भन्दछ'। 'कुतीबाट नुन बोकी आउने जैसी बाहुन तातोपानीमा आई बास बसेको झाडा पिसाब बन्द भै मरेछ' जस्ता समाचारहरू पढ्न सकिन्छ। तर, कलकत्तामुखी गोर्खापत्रमा ती समाचारहरू गौण हुन्।

सरसामानका हिसाबमा काठमाडौंमा विलासिता र आवश्यकता ठानिएका वस्तुहरू उँधोबाट नै बढी आउने गोर्खापत्रमा देखिन्छ। त्यसरी आएका खत्र्याकखुत्रुक वस्तुहरू पाइने ठाउँलाई काठमाडौंका एजेन्ट आफैंले 'कारखाना' पनि भन्थे। ती 'कारखानेदार'ले आफूसँग नभएका चिजबिज कलकत्ताबाट मगाएर गाहकीलाई दिने बाचा गर्थे। रोचक कुरा त यस्ता सरसामान पाउनका लागि गोर्खापत्रकै नक्साल अफिसको ठेगाना दिइएको हुन्थ्यो। पण्डितहरू नै यसका एजेन्ट थिए। उनीहरू 'कलकत्ते सामान'को 'कन्ट्रयाक्टर' जस्तो काम गर्थे। गोर्खापत्रमा छापिएका विज्ञापनका यी शुरुवाती कुरा हुन्। त्यसताका पत्रिका नै कन्ट्याक्टर जस्तो पनि देखिन्छ। हो/होइन सहजै भन्न सकिन्न।

वीरगन्ज, भिक्षाखोरी, भीमफेदी, चिसापानीगढी, थानकोट हुँदै काठमाडौं भित्रिने बाटो दुरुस्त राखिएका समाचारहरूले पनि वेलावेला प्राथमिकता पाउँथे। सरसामान ल्याउने बाटो हरसाल मर्मत गरिन्थ्यो। यो ठाउँमा पर्ने बाटोलाई गढीको बाटो भनिन्थ्यो। सरसामान भित्र्याउन यो नै मूलबाटो थियो। राज्यका सरसामान बोक्ने यो बाटोलाई 'राजपथ' पनि भन्थे। अनिकाल पर्दासमेत तराई तथा वीरगन्जबाट गढीको बाटो हुँदै सस्तो भाउमा प्रशस्त अन्न ल्याएर सबैले खान पाउने तजबिजी गरिन्थ्यो। फाट्टफुट्ट छापिने यस्ता

> त्यसवेला 'टाढाको कुरा' नै समाचार हो, वरिपरिको हैन भन्ने बुझिन्छ। गोर्खापत्र विदेशी समाचारले भरिएको थियो, जसलाई 'देशान्तर समाचार' भनिन्थ्यो।

समाचारको आधारमा समेत ब्रिटिस भारतसँग तत्कालीन नेपालको आर्थिक निर्भरता बढी नै भएको बुझिन्छ।

तत्कालीन भारतीय बजारबाट विकास भित्र्याउन सक्ने भनेकै राज्य थियो। राज्यबिना मुसोसम्म छिर्न नपाउने वेलामा जसले त्यस्ता अनुमति पाए ती राणासरह नै भए। त्यसैले तिनीहरूका प्रतापले विकास भएको भनिन्थ्यो। सरसामानका अतिरिक्त आधुनिक बजार व्यवस्था बसाल्ने सूत्रहरू डाक्टर, कम्पाउन्डर, इन्जिनियर, मिस्त्री कलकत्ताबाट झिकाइन्थे। अस्पताल खोलिन्थे, बाटो, भवन इत्यादि बनाइन्थे। इन्जिनियरहरूले पानीका धारा, बिजुलीबत्ती बाल्न मद्दत गर्थे। ब्रिटिस भारतको नक्कल नै हाम्रोमा आधुनिक विकासको शुरुवात थियो। यस्ता काम तत्कालीन राणा सरकारले गर्ने भएकाले यसको विवरण फाट्टफुट्ट गोर्खापत्रमा पढ्न पाइन्छ।

प्रविधिबारे रुचि भएकाले मैले त्यसबारे पनि समाचार हेरें। अहिले पनि समाचारका शीर्षकमा 'सगरमाथामा इन्टरनेटबाटै उपचार' भनेर लेखिएकै हुन्छ, मानौं त्यहाँ इन्टरनेटले नै उपचार गर्दैछ। त्यस्तै त्यसवेला के सोचिन्थ्यो होला भन्ने कौतूहलताले १९६८ सालमा बिजुली आउनेताकाको रिपोर्टिङ हेरें। यसबारे गोर्खापत्रले जनताको विचार दिने त कुरै भएन। तर समाचारमा भनिएको छ, सबै चमत्कार श्री ३ का प्रतापले भएको हो। जस्तो : 'नेपाल शहरका बासिन्दाले हरबखत बिजुलीको अपूर्व आनन्द लिन सक्छन्, साँझ पऱ्यो कि सर्कारका अपूर्व दयाले गल्ली झलमलक, थोरै खर्च गर्नाले चाहे पंखाको काम लेऊ, चाहे आगोको। सर्कारबाट बन्दोबस्त भयाको छ'। बिजुलीका प्रतापले सबै काम हुन्छ, यसैको ताकतले युरोप अमेरिकाका मान्छेहरू खुशी छन्। अमनचयनमा छन् इत्यादि। किनभने, ज्यालागिरीबाट हुने सबै काम बिजुलीले गर्छ। देशबाहिर बिजुलीले यस्तो काम गरेको भन्दै बिजुली प्रयोग गर्नका लागि रैती महाजनलाई आह्वान गरिन्थ्यो। किनकि त्यतिवेला त्यो प्रविधि प्रयोग गर्न महाजन हिच्किचाउँथे।

फर्पिङको चन्द्रबत्ती बाल्दा काठमाडौंका नगरबासी सरसामान लिन वीरगन्ज गएका थिए। बिजुली उत्पादन गर्ने थलोमा कैयौं मानिसले काम गरे। यस कार्यमा पुगनपुग साढे नौ लाख मानिस लागेको र प्राय: नेपालकै मान्छेहरू प्रयोग भएको पत्रिकाकै एक रिपोर्टमा उल्लेख छ। राज्यको कुदृष्टिमा परिन्छ कि भनेर जनताले राज्यको काम गरिरहनुपर्थ्यो। यस बत्ती बनाउन इंग्लिस्तानी इन्जिनियरहरूलाई झिकाइको थियो। त्यसैले तत्कालीन महाराणाबाहेक रैती, इन्जिनियरहरूको त्रिकोणीय प्रतापले चन्द्रबत्ती बाल्ने काम सम्पन्न भएको थियो। तर, गोर्खापत्रमा श्री ३ का प्रतापले भनी लेखिएका समाचार, कविताहरू छापिएका छन्। अर्थात् गोर्खापत्रका समाचारमा रूपचाहिँ राणा सरकारको थियो भने सार ब्रिटिस भारतको।

१९६० को दशकको गोर्खापत्र पढेपछि दुइटा पक्ष महत्त्वपूर्ण देखिन्छ। पहिलो : गोर्खापत्र राज्यबाट सञ्चालन गरिएको पत्रिका भए पनि यो ब्रिटिसकालीन भारतबाट बढी प्रभावित थियो। तत्कालीन समयमा नेपालमा भएका विकासलाई महाराणाका प्रतापले भएका 'चामत्कारिक विकास' भने पनि त्यस्तो प्रतापको अर्थ कम लाग्छ। विकासका यस्ता कार्यमा राणाहरू माध्यम थिए। विश्वबजारको विस्तारस्वरूप नेपालमा खास किसिमको विकासले ठाउँ पाएको थियो। दोस्रो : गोर्खापत्रले 'नेपाल भनेकै काठमाडौं हो' भन्ने आशयको ठप्पा लगाउँछ। 'मोफसल', 'मौफसल' इत्यादि नाममा काठमाडौंबाहिरका समाचार नछापिएका होइनन्। तर ती वंगवासीका वा देशान्तर समाचारका तुलनामा निकै निम्छरो गरी छापिएका छन्।

मलाई पहिलो दशकको गोर्खापत्र पढ्दा लागिरह्यो राज्यको लगानी र विदेशी विकासको सपना मूल रूपमा काठमाडौंले नै देख्ने हो। त्यसको उपभोग पनि काठमाडौंले नै गर्ने हो। गोर्खापत्रको आँखीझ्यालबाट त्यस्तै देखिन्छ। पहिलो दशकको 'गोर्खापत्र' हेरिसकेपछि एउटा जिज्ञासाले घर बनाएको छ। 'गोर्खापत्र' समयले कोल्टे फेर्दै गर्दा 'गोरखापत्र'मा रूपान्तर भएपछि देश समाचारको स्थान कस्तो रहँदै गयो ? मौका मिले यस प्रश्नको उत्तर पछि खोज्ने छु। ●